आज मिति २०७५ साल वैशाख १३ गतेका दिन यस दार्मा गाउँ पालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्य पालिका बैठक प्रारम्भ गरियो ।

तपसिल

| | | |
|---|---|---|
| (१) | श्री निम बहादुर के.सी. - अध्यक्ष | |
| (२) | श्री टिका शर्मा बली - उपाध्यक्ष | |
| (३) | श्री वसुन्धरा पुन : प्रमुख प्रशासकीय अधिकृत | |
| (४) | श्री कवि कुमार चन्द :- वडा अध्यक्ष | वडा नं. १ |
| (५) | श्री डिल्ली बहादुर के.सी. ,, | ,, २ |
| (६) | श्री सेतिराम रोकाहा ,, | ,, ३ |
| (७) | श्री चन्द्र बहादुर रावत ,, | ,, ४ |
| (८) | श्री राम बहादुर के.सी. ,, | ,, ५ |
| (९) | श्री दुर्गा बहादुर मल्ल ,, | ,, ६ |
| (१०) | श्री अमृता कामी | कार्यपालिका सदस्य |
| (११) | श्री सन्तराम कामी ,, | ,, |
| (१२) | श्री मञ्जु शाही ,, | ,, |
| (१३) | श्री धनिराम नेपाली ,, | ,, |
| (१४) | श्री जुना मल्ल चन्द ,, | ,, |
| ~~(१५)~~ | ~~श्री मञ्जु शाही ,,~~ | ~~,,~~ |
| (१५) | श्री देवी खत्री ,, | ,, |
| (१६) | श्री दिपक कवा | लेखापाल |
| (१७) | श्री जित बहादुर ओली | खरिदार |

## प्रस्तावहरु

(१) योजना जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा।

(२) स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिगठन " ।

(३) प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा।

(४) लक्षित वर्ग विशेष कार्यक्रमको बजेट सञ्चालन सम्बन्धमा।

(५) विभिन्न प्रस्तावना सम्बन्धमा।

(६) अस्थायी प्रहरी पोष्ट सार्ने सम्बन्धमा।

(७) पशुसेवा प्रसार तथा व्यवसाय कार्यविधि सम्बन्धमा।

(८) बजार अनुगमन र मदिरा नियन्त्रण) कार्यविधि कार्यान्वयन सम्बन्धमा।

(९) इन्टरनेट जडान सम्बन्धमा।

(१०) आर्थिक सहयोग सम्बन्धमा।

## निर्णयहरु

~~नि.नं. १) प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा~~

## निर्णयहरु

नि.नं.(१) प्रस्ताव नं. १मा छलफल गर्दा यस गाउँपालिकामा सम्पन्न योजना तथा कार्यक्रमको जाँचपास तथा फरफारक गर्न तपसिल बमोजिम जाँचपास तथा फरफारक समिति गठन गर्ने निर्णय पारित गरियो।

तपसिल

(क) गाउँपालिका अध्यक्ष - संयोजक/अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) सम्बन्धित वडाअध्यक्ष - सदस्य

नि.नं.(२) प्रस्ताव नं. २मा व्यापक छलफल गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति तपसिल बमोजिम गठन गर्ने निर्णय पारीत गरियो।

तपसिल

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष
(ख) ,, उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - ,,
(घ) सबै वडाध्यक्षहरु - ,,
(ङ) गाउँपालिकाका विषयगत शाखा प्रमुखहरु - सदस्य
(च) अस्थायी प्रहरी पोष्ट प्रमुख - सदस्य
(छ) स्थानीय रेडक्रस सोसाइटी प्रमुख - सदस्य
(ज) गैरसरकारी संस्थाका प्रतिनिधि — -
(झ) मनोनित दुई - -
(ञ) स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि - -
(ट) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

नि.नं.(३) प्रस्ताव नं.३मा व्यापक छलफल गर्दा यस दार्मा गा.पा. को कार्यक्रम तथा योजनाका कामहरु समयमै सम्पन्न गर्नका लागी तपसिल बमोजिम कर्मचारीलाई अतिरिक्त समयमा काम लगाई कर्मचारीहरुको शुरु तलव स्केलमा ४०% चालीस प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो। यो व्यवस्था २०७८ असार मसान्तसम्म लागु गर्ने निर्णय पारित गरियो।

तपसील कर्मचारी

(क) प्रमुख प्रशासकीय अधिकृत — १
(ख) लेखापाल — १
(ग) ईन्जिनियर — १

(घ) सब इन्जिनियर – २
(ङ) खरिद/प्रशासन इकाई ग्रुप – १
(च) सहायक महिला विकास निरीक्षक – १
(छ) ~~स~~ ~~?~~ असिस्टेन्ट सब इन्जिनियर – १

नि. नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा यस दार्मा गाउँपालिकाको लक्षित वर्ग विशेष कार्यक्रम ६ तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय पारित गरियो।

(क) धुवाँरहित चुलो निर्माण प्रतिवडा रु ८०,०००।- को दरले रु ४८०,०००।-

(ख) बालविकास कक्षा लाई रु २५,०००।- का दरले २५वटा लाई रु ६२५,०००।-

(ग) महिला विकासतर्फ (महिला दिवस कार्यक्रम) लगायत खर्च रु ५०,०००।-

(घ) गाउँपालिका स्तरीय बाल उद्धार कोष रु १,५५,०००।-

नि० नं. (५) प्रस्ताव नं. ५मा छलफल गर्दा विभिन्न कार्यक्रम सञ्चालन गर्ने पेश हुन आएका प्रस्तावना मध्ये मौलिककला संस्कृति संरक्षण कार्यक्रम सञ्चालन प्रस्तावना २०७४, विपद्व्यवस्थापन तालिम तथा सामग्री वितरण सम्बन्धी प्रस्तावना, आरन सुधार प्रस्तावना (वडा नं ४को बजेट अन्तर्गत), आवश्यक बजेटको परिधिभित्र रही कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो।

नि. नं.(६) प्रस्ताव नं. ६मा छलफल गर्दा दार्मा गाउँपालिकास्थित वडा नं ३ मा पर्ने नर बहादुर रोकायको घरमा रहदै आएको अस्थायी प्रहरी पोष्ट भाडामा रहेकोमा सो घर भाडा दार्मा गाउँपालिकाले व्यहोर्दै आएकोमा फारुला बजारमा रहेको जनज्योति मा०वि० फारुला चौरको प्रा०वि०शाखा मा०वि० शाखा रहेको स्थानमा २०७५।१।१६ गते देखी स्थानान्तर भएकोले उक्त विद्यालयमा विद्यालय भवन खाली रहेको र ३वटा भवन मध्ये १वटामा २कोठा र २/१वटा ब्लकमा २वटा कोठा रहेकोले अग्लो ठाउँ भएको हुदाँ उक्त खाली विद्यालयमा चौकी राख्दा अग्लो ठाउँ भएकोले बजारका क्रियाकलाप देख्न सकिने र उक्त स्थानबाट गस्ती, पेट्रोलिङ गर्न सहज सुरक्षा कर्मी बस्न समेत उचीत र थप जनशक्ती आएमा पनि बस्न सक्ने उचीत र थप जन-शक्ति राख्न सकिने भएकोले उचीत र्दाखा। भएकोले खाली विद्यालयमा चौकी राख्ने उचित हुने भएकोले सो चौकी सार्ने सम्बन्धित निकायमा

सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं०(७) प्रस्ताव नं० ७मा छलफल गर्दा पशुसेवा प्रसार तथा व्यवसाय प्रवर्द्धन र कार्यविधि पारित गरियो।

नि.नं. (८) प्रस्ताव नं. ८मा छलफल गर्दा वजार अनुगमन निर्देशिका कार्यन्वयन गर्नुका साथै उपभोक्ता हित संरक्षण समिति तपसिल बमोजिम गठन गर्ने निर्णय पारित गरियो।

(क) गाउँ पालिका उपाध्यक्ष - संयोजक
(ख) गाउँपालिकाका आर्थिक समितिका संयोजक - सदस्य
(ग) जि.प्र.का./इ.प्र.का. को अधिकृत प्रतिनिधि - सदस्य
(घ) खाद्य, गुणस्तर औषधि/जनस्वास्थ्य/उद्योगवानिज्य हेर्ने उपलब्ध भएसम्मको क्षेत्रगत विषय हेर्ने प्रतिनिधि शाखा प्रमुख, प्रतिनिधि - सदस्य
(ङ) सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य
(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरुमध्येबाट १जना — सदस्य
(छ) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेक्स/इकाइको प्रमुख — सदस्य सचिव

नि.नं.(९) प्रस्ताव नं० ९मा छलफल गर्दा यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्ने एभरेष्ट वायरलेस प्रा.लि. सँग सम्झौता गरी आवश्यक रकम भुक्तानी गर्ने निर्णय पारित गरियो।

नि.नं.(१०) प्रस्ताव नं.१०मा छलफल गर्दा दार्मा गाउँपालिका वडा नं.६ बस्ने लोक बहादुर रोकाको छोरा विर बहादुर रोका मुटु रोगी भएको र निजलाई सहयोगार्थ रु २०,०००मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।